म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ५५ आइतबार, १२ असोज २०८२ ने. सं. ११४५ कौलाथ्व 28 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एसइई पूरक परीक्षाको नतिजा सार्वजनिक

हेटौंडा, ११ असोज/राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइई) पूरक परीक्षाको नतिजा सार्वजनिक गरेको छ । परीक्षामा ८३ हजार ५६४ परीक्षार्थी उत्तीर्ण अर्थात् ग्रेडेड भएको बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले जानकारी दिए ।

परीक्षामा एक लाख ४३ हजार २५७ परीक्षार्थी सहभागी भएका थिए । जसमा ५९ हजार ६९३ जना परीक्षार्थी अनुत्तीर्ण अर्थात् अवर्गीकृत भएको उनले जानकारी दिए । गत वैशाखमा सञ्चालित वार्षिक परीक्षामा दुई विषयसम्म 'नन ग्रेडेड' अर्थात् अनुत्तीर्ण भएका, परीक्षामा अनुपस्थित भएका विद्यार्थीका लागि बोर्डले गत साउन २९ देखि भदौ ६ गतेसम्म पूरक परीक्षा सञ्चालन गरेको थियो ।

बोर्डले प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुनः परीक्षणसमेत गराउनसक्ने व्यवस्था गरेको छ । यही २०८२ असोज १९ गतेदेखि २९ गते साँझ ५:०० बजेभित्र परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि बोर्डको वेबसाइटमा गई पुनर्योग फाराम भरी आवेदन गर्नसक्ने व्यवस्था गरेको उनले बताए ।

'समयमै उठेका स्वरलाई नसुन्दा ग्रेसफुल ऐक्जिटबाट नेताहरु फोर्सफुल ऐक्जिटमा पुग्यो'

# घाइते संविधानलाई स्वस्थ्य बनाउन निर्वाचन जरुरी: महामन्त्री शर्मा

मनिल महतो

हेटौंडा, ११ असोज/ नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले राजनीतिक निकासको लागि निर्वाचन जरुरी रहेको बताएका छन् ।

जेनजी आन्दोलनको क्रममा क्षति पुगेको नेपाली कांग्रेस मकवानपुरको पार्टी कार्यालय अवलोकन पश्चात् सञ्चारकर्मीसँग कुराकानी गर्दै महामन्त्री शर्माले घाइते अवस्थामा रहेको संविधानलाई स्वस्थ्य बनाउन पनि फागुन २१ मै प्रतिनिधिसभाको निर्वाचन हुनुपर्ने धारणा राखे । राष्ट्रपति, संविधान, राष्ट्रियसभा, प्रदेश संरचना, स्थानीय पालिकाहरुलाई निर्वाचनकै माध्यमबाट रिफ्रेस गर्न सकिने उनको भनाई छ । महामन्त्री शर्माले तोकिएकै मितिमा निर्वाचन सम्पन्न हुने वातावरण बनाउन कांग्रेसले सहयोग गर्ने बताए । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको सफलता कांग्रेसले खोज्ने उनले गरे ।

महामन्त्री शर्माले वर्तमान सरकार असफल भए लोकतन्त्र धरापमा पर्ने बताए । मन्त्रीपरिषद्मा योग्य व्यक्तिहरु आउँदै गर्दा जेनजी युवाको प्रतिनिधित्व हुन नसकेकोमा उनले असन्तुष्टि व्यक्त गरे । 'अहिलेको सरकार सफल भएर निर्वाचन गराउनुपर्छ' उनले भने, 'निर्वाचनपछि काग्रेस आउला, या अरु कुनै दल आउला तर, निर्वाचनपछि लोकतन्त्र सही ट्र्याकमा आउँछ, त्यसकारण यो सरकारको सफलता स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचन गराउनुमा निर्भर रहेको हुन्छ ।'

महामन्त्री शर्माले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले जेनजीलाई प्राथमिकता दिने बताए । 'कुनै निर्वाचनक्षेत्रमा आवश्यकताका आधारमा ७० वर्षको उम्मेदवार पनि बन्न सक्नुहुन्छ । तर, प्राथमिकतामा भने जेनजी पुस्तालाई कांग्रेसले समेट्छ,' उनले भने । उनले भदौ २३ र २४ गतेको घटनामा दोषी देखिएकाहरुलाई कारवाही गर्नुपर्ने उल्लेख गरे । विगतमा ओली नेतृत्वको सरकारले गरेका राम्रा कामको जिम्मा लिने र नराम्रा कामको आलोचना व्यहोर्ने बताउँदै महामन्त्री शर्माले घटनाको छानबीन र कारवाही गर्ने विषयमा अन्तरिम सरकारलाई कांग्रेसको साथ र समर्थन रहने स्पष्ट पारे ।

महामन्त्री शर्माले सरकारी संरचनादेखि व्यवपारिक प्रतिष्ठानको आगजनी र तोडफोड जेनजीको भावनाअनुरुप नभएको बताए । जेनजीको नाममा अराजक गतिविधि गर्नेलाई कारवाही गर्नु सरकारको दायित्व भएको उनको धारणा छ । महामन्त्री शर्माले आफूहरु शान्तिपूर्ण आन्दोलनमा रहेको र तोडफोड, आगजनी गर्ने कारवाही गरियोस् भन्ने कुरा जेनजी पुस्ताबाटै आउनुपर्ने बताए । उनले भने, 'जब तपाईको हातबाट सिंहदरबार जलेको होइन भने तपाईले भन्नुपर्छ, जसले गरेको हो त्यसलाई कारवाही गर ।' व्यावसायिक प्रतिष्ठानहरु जलेर जेनजी पुस्ता नै बेरोजगार भएको उनको भनाई छ ।

महामन्त्री शर्माले विगतमा धरै राजनीतिक परिवर्तनहरु कांग्रेसकै नेतृत्वमा भएपनि जेनजी पुस्ताको आन्दोलनले कांग्रेसलाई नै परिवर्तन हुन सन्देश दिएको बताए । उनले फरक-फरक विचारलाई सम्बोधन हुने गरी केन्द्रीय समितिको बैठक मार्फत साझा धारणा बनाउने बताए । विधानलाई परिमार्जन गरेर पार्टीमा जेनजी पुस्ताको प्रतिनिधित्व गराउने उनले उल्लेख गरे । महामन्त्री शर्माले पार्टीको नियमित महाधिवेशन मंसिर मसान्तसम्मा गर्नुपर्ने मत बलियो रहेको बताए । नियमित महाधिवेशन हुन नसकेको अवस्थामा केन्द्रीय कमिटीले विशेष महाधिवेशन बोलाउन सक्ने व्यवस्था रहेको उनले उल्लेख गरे ।

महामन्त्री शर्माले समयमै उठेका स्वरलाई नसुन्दा ग्रेसफुल ऐक्जिटबाट नेताहरु फोर्सफुल ऐक्जिटमा पुगेको जिकिर गरे । उनले पार्टी सभापति र कांग्रेसको स्वास्थ्य अवस्था दुबैलाई ठिक बनाउने बताए । महामन्त्री शर्माले पार्टी सभापतिको घरमा भेटिएको रकमबारे सामाजिक सञ्जालमा आएको भिडियोको आधारमा धारणा बनाउन नहुने बताए । सभापतिको घरमा रकम कहाँ र कसरी आयो भन्ने कुराको जवाफ कि त बुढानीलकण्ठले दिनुपर्ने कि त सरकारले नै अनुसन्धान गर्नुपर्ने उनको भनाई छ । महामन्त्री शर्माले सबै नेताहरुको सम्पत्ति छानबीन गर्नुपर्ने बताए ।

'कि त यो पैसा आफ्नो हो कि होइन भन्ने कुरा बुढानीलकण्ठले जवाफ दिनुपर्‍यो । कि त सरकारले अनुसन्धान सुरु गर्नपर्‍यो,' उनले भने, 'अवैध सम्पत्ति भेटिए सबैको सम्पत्ति छानबीन गर्नपर्‍यो । सुरुवात विश्वप्रकाशबाटै गर्छु भने पनि म रेडी छु । यो भनिरहँदा मेरो सभापतिको पनि, अस्ति भनिएको सुनको पनि र जे चर्चामा आएका सबैको निष्पक्ष छानबीन सरकारले गर्नुपर्‍यो ।' जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते बुढानीलकण्ठस्थित देउवाको निवासमा आक्रमण हुँदा पैसाको थुप्रो जलिरहेको भिडिओ सामाजिक सञ्जालमा भाइरल भएको थियो । महामन्त्री शर्माले आफू एकपटक मात्र सांसद् भएको र अहिलेसम्म कुनै पनि आयआर्जनको लाभमा संलग्न नभएको धारणा राखे ।



# उच्चपदस्थ १५ जना कर्मचारी सरुवा

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ बागमती प्रदेश सरकारले प्रदेशका विभिन्न मन्त्रालय तथा निकायमा कार्यरत १५ जना उच्चपदस्थ कर्मचारी सरुवा गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयले गरेको निर्णयअनुसार कृषि र प्रशासन सेवाका अधिकृतस्तर दसौँ र नवौं तहका कर्मचारीलाई नयाँ जिम्मेवारी तोकिएको हो । प्रदेशको प्रशासनिक कामकारबाहीलाई थप प्रभावकारी र गतिशील बनाउने उद्देश्यले प्रमुखसचिव भूपाल बारालले गरेको सरुवामा कृषि तथा पशु सेवातर्फ ८ जना र प्रदेश प्रशासन सेवातर्फ ७ जना उपसचिव परेका छन् । सरुवा सूचीअनुसार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडामा कार्यरत वरिष्ठ पशुविकास अधिकृत (अधिकृतस्तर दसौँ) डा.रामप्रकाश प्रधानलाई पशुसेवा कार्यालय, मकवानपुरको जिम्मेवारी दिइएको छ ।

यस्तै, मकवानपुरको पशुसेवा कार्यालयका वरिष्ठ पशुचिकित्सक डा व्रजकिशोर ठाकुर लाई पशुसेवा कार्यालय, काभ्रे सरुवा गरिएको छ भने काभ्रेबाट डा. सुजा वाग्लेलाई ललितपुरस्थित पशुसेवा कार्यालयमा पठाइएको छ । त्यसैगरी, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाकी वरिष्ठ मत्स्यविकास अधिकृत अन्जु घर्तीमगरलाई मत्स्य विकास केन्द्र, भण्डारामा सरुवा गरिएको छ । भण्डाराका वरिष्ठ मत्स्यविकास अधिकृत (अधिकृतस्तर दसौँ) माधव दाहाललाई भने निर्देशनालयमा ल्याइएको छ ।

ललितपुरको पशुसेवा कार्यालयका वरिष्ठ मत्स्यविकास अधिकृत डा. प्रभात न्यौपानेलाई पशुसेवा कार्यालय, चितवन पठाइएको छ भने चितवनबाट वरिष्ठ पशुविकास अधिकृत सुनिल केसीलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडामा सरुवा गरिएको छ ।

कृषि विकास निर्देशनालय, हेटौंडाका वरिष्ठ कृषिप्रसार अधिकृत प्रमोद दाहाललाई कृषि विकास कार्यालय, रामेछापको जिम्मेवारी दिइएको छ । प्रदेश प्रशासनतर्फ यातायात व्यवस्था कार्यालय, मोटर साइकल, गुर्जुधाराका अधिकृत (अधिकृतस्तर दसौँ) नेत्रप्रसाद भट्टराईलाई युवा तथा खेलकुद मन्त्रालयमा सरुवा गरिएको छ । संस्कृति तथा पर्यटन मन्त्रालयका अधिकृत राजन पोखेललाई यातायात व्यवस्था कार्यालय, गुर्जुधारामा पठाइएको छ ।

पर्यटन कार्यालय, काठमाडौंका भक्तबहादुर भण्डारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडामा ल्याइएको छ भने संस्कृति तथा पर्यटन मन्त्रालयका पवनकुमार पोखेललाई पर्यटन कार्यालय, काठमाडौँको जिम्मेवारी दिइएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका होमनाथ रिजाललाई संस्कृति तथा पर्यटन मन्त्रालयमा र मुख्यमन्त्री कार्यालयका आशिष आचार्यलाई आर्थिक मामिला तथा योजना मन्त्रालयमा सरुवा गरिएको छ । यस्तै, युवा तथा खेलकुद मन्त्रालयका प्रकाश अधिकारीलाई संस्कृति तथा पर्यटन मन्त्रालय, हेटौंडामा पठाइएको छ ।




सडकका २३४ रुग्ण ठेक्का तोडिँदै

# समयमा निर्णय नगर्ने कर्मचारीमाथि पनि छानबीन हुने

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ सडक र पुल निर्माणका लागि ठेक्का सम्झौता गरिएका तर, काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका २३४ वटा रुग्ण ठेक्का तोडिने भएको छ ।

सडक विभागअन्तर्गत संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय मातहतका सडक डिभिजन कार्यालयहरु, हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्गका रुग्ण अवस्थामा रहेका ठेक्का तोड्न लागिएको हो । संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय दमकअन्तर्गत ३८, काठमाडौं ७५,पोखरा ३९, सुर्खेत ४९, हुलाकी १६ र मध्यपाडी लोकमार्गका १७ वटा ठेक्का रुग्ण छन् । आयोजनाका तर्फबाट गर्नुपर्ने काम नगरी ठेक्कालाई रुग्ण बनाउन सङ्लग्न तत्कालीन एवम् हालका जिम्मेवार कर्मचारीलाई छानवीन गर्न समिति बनाइने भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले शनिबार भौतिक मन्त्रालयका सचिव तथा सहसचिवहरु, सडक विभागका महानिर्देशक, संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयका प्रमुखहरु, आयोजना प्रमुखलगायतसँग छलफल गरी ठेक्का लिने तर, काम नगर्ने प्रवृत्तिको अन्त्यका लागि रुग्ण ठेक्का तोड्नुको विकल्प नरहेको बताए । रुग्ण ठेक्का तोडिएमा कम रकम कबोल गरी ठेक्का सम्झौता गर्ने र परिचालन पेश्की लिएर रकम अन्यत्रै लगानी गर्ने तर, काम नगर्ने प्रवृतिको अन्त्य हुने मन्त्री घिसिङले उल्लेख गरे ।

निर्माण सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने समयको विभिन्न कारणबाट म्याद थप भई निर्माणकार्य चालू रहेको तर, सुरु निर्माण अवधिको तुलनामा सय प्रतिशतभन्दा बढी समय म्याद थप भईसक्दासमेत ५० प्रतशतभन्दा कम प्रगति रहेको २ करोडभन्दा बढी सम्झौता भएको ठेक्कालाई रुग्ण ठेक्का मानिएको छ । त्यस्तै, दुई सय प्रतिशतभन्दा बढी समय म्याद थप भईसक्दासमेत निर्माण प्रगति ८० प्रतिशतभन्दा कम प्रगति भएको दुई करोडभन्दा बढी सम्झौता अंक भएको, चार सय प्रतिशतभन्दा बढी समय म्याद थप भई सक्दासमेत निर्माण प्रगति ९५ प्रतिशतभन्दा कम रहेको दुई करोडभन्दा बढी सम्झौता अंक भएको ठेक्कालाई रुग्ण मानिएको छ ।

मन्त्री घिसिङले मन्त्रालय र मातहतका कार्यालयहरुले गर्ने कुनैपनि कार्यमा अनियमितता, ढिलासुस्ती, घूसमाग्ने, सेवाग्राहीलाई अनेक बहानामा दु:ख दिने प्रवृति देखिएका सङ्लग्नमाथि तत्कालै कारबाही गर्ने उल्लेख गरे । उनले आफ्नो नाम बेचेर कसैले अनावश्यक दु:ख दिएमा तत्कालै जानकारी गराउनसमेत कर्मचारीलाई निर्देशन दिए ।





साझाकुरा

## हाम्रो कुरा

# उर्जा ब्यापार गफमात्र बढी

नेपालले उर्जा ब्यापारमा ठूलो सफलता पाउन सक्थ्यो । दुई ठूला छिमेकी चीन र भारतमा उर्जाको माग ब्यापक छ । नेपालको खोलामा ८३ हजार मेघावाट विद्युत उत्पादन गर्नसक्ने क्षमता छ । भूपरिवेष्ठित राज्यले पाउने सुबिधा प्रयोग गरेर नेपालमा उत्पादन भएको विद्युत निर्यात गर्न सकिन्थ्यो । तर, मुलुकलाई १८ घण्टासम्म लोडसेडिङमा राख्ने काम भयो ब्यापारको कुरा धेरै टाढा थियो । तर, पछिल्ला दिनमा यो सहज बन्ने सम्भावना बढेको छ । मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले एमसीसी नेपाल कम्प्याक्टको विद्युत् प्रसारण आयोजनाअन्तर्गत निर्माण गरिने विद्युत् प्रसारण लाइनको ११७ किमि खण्डको निर्माण सम्झौता गरेको छ । यो सम्झौतासँगै एमसीसी नेपाल कम्प्याक्टअन्तर्गत निर्माण गर्न लागिएको ३१५ किमि विद्युत् प्रसारण लाइन निर्माणसम्बन्धी सम्पूर्ण सम्झौता सम्पन्न भएको हो । आशिश-बोज्लर संयुक्त उपक्रमले काठमाडौंमा निर्माणाधीन लप्सिफेदी सबस्टेशनबाट नुवाकोटमा निर्माणाधीन रातमाटे सबस्टेशन हुँदै मकवानपुरमा निर्माणाधीन नयाँ हेटौंडा सबस्टेशनसम्मको ११७ किमि प्रसारण लाइन निर्माण गर्नेछ । अन्तरर्राष्ट्रिय प्रतिस्पर्धात्मक खरिद प्रक्रियाबाट एमसिए-नेपालले प्रदान गरेको ठेक्का करिब ७६६ दशमलव ५० लाख अमेरिकी डलरको रहेको छ ।

यस सम्झौताअन्तर्गत ४०० केभी प्रसारण लाइनको डिजाइन, स्थापना, परीक्षण तथा सञ्चालनलगायत काम गरिनेछ । एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र आशिश-बोज्लर संयुक्त उपक्रमका प्रतिनिधि निर्माण गौलीले एमसीसी र एमसिए-नेपालका पदाधिकारीको समुपस्थितिमा ठेक्का सम्झौतामा हस्ताक्षर गरेका हुन् । यस सम्झौतामा भएको हस्ताक्षरले नेपाल कम्प्याक्ट कार्यान्वयनमा भइरहेको उल्लेख्य प्रगतिको प्रतिनिधित्व गर्छ । यो उपलब्धि यस महत्वपूर्ण प्रसारण लाइनको सफलतापूर्ण निर्माण तथा नेपाली जनताको भावी विकास एवं समृद्धिका लागि एमसिए-नेपालको गहन प्रतिबद्धता तथा लगनशीलताको परिणाम हो । आशिश-बोज्लर संयुक्त उपक्रमसँग यो सम्झौतामा हस्ताक्षर गरेर एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयनका सन्दर्भमा एमसिए-नेपालले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । विद्युत् प्रसारण आयोजनाअन्तर्गत विद्युत् प्रसारण लाइनका सबै खण्डको निर्माणसम्बन्धी सम्झौता सम्पन्न हुनु महत्वपूर्ण उपलब्धि हो । एमसिए-नेपालले नुवाकोटमा निर्माणाधीन रातमाटे सबस्टेशनदेखि तनहुँमा निर्माणाधीन नयाँ दमौली सबस्टेशनसम्मको, यो सबस्टेशनदेखि नवलपरासी-बर्दघाट सुस्ता पश्चिममा निर्माणाधीन नयाँ बुटवल सबस्टेशनसम्मको र त्यहाँदेखि नेपाल-भारत सीमासम्म गरी १९८ किमि विद्युत् प्रसारण लाइन निर्माणका लागि सम्झौता यसअघि नै गरिसकेको छ ।

रातमाटे सबस्टेशन, नयाँ दमौली सबस्टेशन र नयाँ बुटवल सबस्टेशन निर्माणसम्बन्धी सम्झौता भइसकेको छ । एमसीसी नेपाल कम्प्याक्ट निजीक्षेत्रबाट लगानी अभिवृद्धिका लागि सकारात्मक वातावरण सिर्जना गर्दै नेपालको दीर्घकालीन आर्थिक विकासका लागि प्रदान गरिएको सहायता हो । विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना कार्यान्वयन गरी महत्वपूर्ण पूर्वाधार सुदृढीकरण, सीमापार ऊर्जा व्यापार अभिवृद्धि र नेपालको यातायात सञ्जालमा सुधार गरेर अन्तरआवद्धता विस्तार गर्दै आर्थिक वृद्धिमा टेवा पुऱ्याउने उद्देश्य एमसीसी नेपाल कम्प्याक्टले लिएको छ । मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) नेपाल सरकारले एमसिसी नेपाल कम्प्याक्टअन्तर्गतका आयोजनाहरु कार्यान्वयनका लागि वि.स.२०७५ वैशाखमा विकास समिति ऐन, २०१३ अन्तर्गत गठन गरिएको सरकारी स्वामित्वको मान्यताप्राप्त निकाय हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छुतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असोज १३ गते सोमबार २९ सेप्टेम्बर २०२५ । सप्तमी, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:५६ सूर्यास्त ५:५० । फूलपाती । विश्व हृदय दिवस । नवपत्रिका प्रवेश (फूलपाती) । सरस्वतीलाई आवाहन गर्ने ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : काममा सफलता हात पर्ने | तुला | : मांगलिक कार्य सम्पादन |
| वृष | : अपजस पाइने | वृश्चिक | : उपचारमा खर्च बढ्ने |
| मिथुन | : बौद्धिक कार्यमा वाधा | धनु | : मानमर्यादाको वृद्धि |
| कर्कट | : व्यवसायमा विवाद | मकर | : नवीन कार्ययोजनामा लगानी |
| सिंह | : मानसिक अशान्ति | कुम्भ | : आलोचनामा वृद्धि |
| कन्या | : कार्यमा ढिलाइ | मीन | : यात्रामा अवरोध |

# चाडपर्व सुरक्षामा नागरिकको दायित्व



✍ दिनेशराज मैनाली

भदौ २३ र २४ गते दुई दिनसम्म चलेको 'जेनजी आन्दोलन' र अकल्पनीय जनधनको हताहती तथा क्षतिपश्चात नयाँ सरकार गठन भई हाल समाजमा शान्ति सुरक्षा र अमनचयन बहाल रहेको भए पनि सुरक्षाकर्मीहरूको हतियार लुटपाट, कारागारबाट भागेका आपराधिक व्यक्तिहरूबाट समाजलाई अशान्त राख्न र ठूलो क्षति पुऱ्याउन सक्नेतर्फ हरपल सचेत रहनु सभ्य नागरिकको कर्तव्य भएकोले आफू, आफन्त, समाज र मुलुकको दैनिक शान्ति सुरक्षामा नागरिकबाट सम्पादन गरिनु पर्ने दायित्वलाई मध्यनजर गर्दै यो आलेख तयार पारिएको छ ।

नेपालीहरूको महान् चाड बडा दशैं घर आँगनमा आइसकेको छ । नवरात्रिको पहिलो दिनलाई स्वागत गरी घर-घर, कार्यालय तथा कोतघरमा घटस्थापना गरी जमरा राख्ने कार्य सम्पन्न मात्रै भएको छैन अपितु हालको विषम परिस्थितिमा पनि चाडपर्व मनाउन नागरिकहरू हतारमा रहेको देखिन्छ । विदेशमा रहेकाहरू नेपाल फर्कने, आवश्यकता अनुसार किनमेलमा सरिक हुने, गाऊँस्थित घरमा जाने र खुसी साँटासाँट गर्ने लगायतका कार्य भई नै रहेको छ भने शुभ दीपावली, छठ पर्व र नयाँ नेपाल सम्वतसम्म निरन्तर रहि नै रहने छ ।

लगातारको वर्षाको कारण विभिन्न राजमार्गहरूमा पहिरो खस्न गई आंशिक तथा पूर्णतया अवरुद्ध रहेका छन् भने सरकारी संयन्त्रहरू आ-आफ्ना तर्फबाट खुलाउन यथासम्भव प्रयास गरिरहेका पाइन्छन् । यस पालाको दशैं हिले दशैं हुन सक्नेतर्फ मौसम पूर्वानुमान विभागले जनाएको छ । यात्रा गर्दा प्रहरी कन्ट्रोल कक्षको १००, ट्राफिक प्रहरीको हटलाइन १०३ तथा प्रहरीको वेबसाइटमा राखिएको सूचना मा जानकारी लिएर मात्र यात्रा गर्न सचेत हुन पर्ने देखिन्छ । अत: मानिसहरूको आवागमन असाध्यै बढी हुने यस अवसरमा सरकारी निकायहरू जिल्ला प्रशासन कार्यालय, यातायात कार्यालय, सडक विभाग, ट्राफिक प्रहरी र जनपथ प्रहरी तथा सवारीधनी, सवारीचालक, सह-चालक लगायतबाट समूहगत सचेतनामूलक कार्यक्रम गरी सोही बमोजिम कार्यान्वयन गरिनु पर्ने टड्कारो समेत रहेको छ । लामो यात्राको लागि दुई जना सवारीचालक राख्नु पर्ने नियमलाई कार्यान्वयन गरी सवारीधनीहरूले आफूलाई प्राप्त जिम्मेवारी पूर्णतया पालन गरी समाजलाई गुन लगाउनु पर्ने त छँदैछ दुर्घटना न्युनीकरणमा समेत अहम् भूमिका खेल्नु पर्ने छ ।

सरकारी संयन्त्रहरूबाट बढी भन्दा बढी चेकजाँच गरी मादक पदार्थ सेवन (मापसे) तथा लागुपदार्थ सेवन (लापसे) गरी सवारीसाधन चलाएको पाइएमा हदैसम्मको कारबाही गर्ने, समयमै यान्त्रिक चेकजाँचको व्यवस्था मिलाउने, सिट क्षमता भन्दा बढी यात्रु राख्न निषेध गर्ने, छतमा यात्रु राख्न नदिने, अनधिकृत पार्किङलाई नियन्त्रण गर्ने र ट्राफिक नियमको सधैं पालना गर्न सके र सम्बन्धित सम्पूर्ण निकायले समेत यथासम्भव सहकार्य गरे मात्र सवारी साधनसहित यात्रुहरूलाई निर्धारित गन्तव्यमा सुरक्षित तथा सुविधापूर्वक पुर्याउन मद्दत गर्दछ ।

सवारीसाधनमा यात्रा गर्ने अवधिभर असाध्यै चनाखो रहनुपर्ने हुन्छ । नगद, बहुमूल्य गर-गहनाको प्रयोगले यात्रा अवधिभर सुरक्षा खतरा बढाउँछ । यात्राको क्रममा अपरिचित व्यक्तिले दिएको सामान्य चकलेट, चिया बिस्कुट खाएर लुटिएको घटना त वर्णन गरिसाध्य नै छैन । लुटिनु भन्दा अगावै चनाखो हुन सके राम्रो । पछि पछुताएर गर्न सकिने सम्भावना धेरै कम भइसकेको हुन्छ । साथै, दैनिक रुपमा काठमाडौंको विभिन्न नाकाहरूबाट बाहिरिने व्यक्तिहरूले आ-आफ्नो घर डेरा छाड्ने क्रममा सुरक्षाका उपायहरूसमेत अवलम्बन गरी आफू, आफन्तजन, स्व:जन लगायतलाई सुरक्षित बनाउनु अपरिहार्य भई सकेको छ ।

अन्यथा आपराधिक कार्यमा संलग्न व्यक्तिहरूबाट लुटिइसकेपछि लगन पछिको पोते जस्तो पछुताउनुबाहेक के नै बाँकी रहन्छ र? तसर्थ, सम्पूर्ण घर धनीहरूले घरमा राखेको कामदार, डेरामा बस्ने व्यक्तिहरूको नाम, थर, स्थायी, वतन, मोवाइल नम्बर र फोटोसहितको विवरण राखेको खण्डमा आवश्यक परेको अवस्थामा अनुसन्धान कार्यमा सहजता आउने छ । घरमा सीसीटीभी क्यामेरा जडान गर्ने, घरबाट बाहिर जाने क्रममा सके त सुरक्षा गार्डको व्यवस्था गर्ने, नसके टोल छिमेकका विश्वासिलो व्यक्तिलाई जानकारी गराउने र नजिकको प्रहरी इकाइलाई जानकारी गराई समय-समयमा गस्ति तथा निगरानी गर्नको लागि अनुरोध गर्ने कार्य गरेमा सम्भावित चोरीबाट बच्न सकिने हुन्छ । सकेसम्म नगद र बहुमूल्य गर-गहनाहरू बैंकमा राख्न सके र अनलाइन कारोबार गर्ने गरेको खण्डमा ठूलो क्षति हुनबाट जोगिन सकिन्छ ।

त्यस्तै, प्रकारान्तरले आधुनिक युगमा अपराधीहरूले विविध विधि र प्रविधिहरूको व्यापक दुरुपयोग गरी आपराधिक घटनाहरू घटाउने भएकाले आफू सजग रही अरुलाई सजग गराउन हुन तथा सामाजिक सञ्जालको सदुपयोग मात्रै गर्न सके पनि अनलाइन ठगी, हनी ट्र्याप, आपराधिक विश्वासघात र आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूरबाट जोगिन सकिने छ ।

जुवा, तास, मापसे, लापसे लगायतबाट जोगाएको रकममध्ये केही रकम समाजको हितमा लगाई आ-आफ्नो टोल छिमेकमा सीसीटीभी क्यामेरा र साइरन जडान गर्ने सके आपत परेको समयमा आफू जोगिन र छर छिमेक समुदाय आदिलाई जोगाउन सकिने तर्फ पनि सम्पूर्णको ध्यान पुग्नु पर्ने देखिन्छ ।

त्यस्तै, प्रकारले फेसबुकमा नचिनेको व्यक्तिबाट फ्रेण्ड रिक्वेस्ट आएमा, तपाईंलाई चिठ्ठा पर्यो लगायतको सूचना ह्वाट्स एप्समा आएमा नखोली डिलेट गर्ने गर्दा पीडित हुने सम्भावना कम हुन्छ । सामाजिक सञ्जालको पासवर्ड कसैसँग पनि शेयर गर्ने नगरौं । कुनै मित्रसँग अनलाइन भिडियो कल गर्ने क्रममा वास्तविक जीवनमा आफूले के गर्न हुन्छ र के गर्न हुँदैन भन्ने तथ्यलाई फदयंगम गर्न र पालना गर्न सके पनि आफू जोगिन सकिने हुन्छ । सामाजिक सञ्जालको प्रयोग गर्ने क्रममा लाइभ अपडेट गर्ने बानीले पनि कतै न कतै समस्यामा पार्ने हुन सक्दछ । आज त गाऊँ जान लागेको सपरिवार, अहिले नागढुङ्गामा पुगियो, केही समयपश्चात मुग्लिनमा खाना खाँदै र दिउँसोको समयमा पोखराको फेवातालमा डुङ्गा सयर आदि छिनछिनमा अपडेट गर्ने बानीले चोरले घरमा सफाचट पारिसकेको पत्तै हुँदैन । तसर्थ, यात्रा समाप्त गरी फर्केर लेट पोष्ट राख्दा पनि बिग्रने त केही होइन । यसमा सजगता नै अपनाउँदा बेश हुन्छ ।

आफूले कहिल्यै पनि नकाटेको चिठ्ठा पर्यो भनी कोही कसैले सूचना पठाउँदैमा त्यसैलाई पत्याई आफू सहभागी नभएको चिठ्ठाका पछि लाग्नु किमार्थ बुद्धिमानीपूर्ण कार्य हुनै सक्दैन, कदापि पछि नलागौं । त्यस्ता प्रकारका चिठ्ठाका पछि लाग्दा धेरैजनाले अनाहकमा धन गुमाएका, परिवारमा बिखण्डन आएका र अन्त्यमा ज्यानैसम्म गुमाएका घटना समेत बढीरहेको पाइन्छ । जसरी पौडन नजानेको एउटा व्यक्तिले पौडन सिकेर मात्र गहिरो स्थानमा पौडनु उचित हुन्छह त्यसरी नै अति उच्च सावधानी अपनाएर मात्र सामाजिक सञ्जालको प्रयोग गर्न सकेको खण्डमा धन, सामाजिक प्रतिष्ठा र जनको समेत क्षति हुनबाट जोगिन सकिने हुन्छ ।

धेरै जनाको बानी सित्तैमा पायो भने जे पनि प्रयोग गर्ने हुन्छ । सित्तैमा पाइने वाइफाइमा लगइन गरी घण्टौंसम्म ह्याङआउट भइरहने बानीबाट पनि फिसिङमा पर्ने सम्भावना हुन्छ । जसरी मछुवारेले गड्यौलाको चारो हाली पानीमा बल्छी फाल्दा माछाले मुख खोलेन भने बल्छीमा पर्ने सम्भावना हुँदैन त्यसरी नै हामीले पनि सित्तैमा उपलब्ध हुने वाइफाइमा लगइन नगरेमा फिसिङमा पर्नबाट बच्न सकिन्छ । मापसेले गर्दा लगभग ७७ प्रतिशत अपराध घट्ने गरेको पाइन्छ । तसर्थ, सके त मापसे गर्दै नगरौं र गर्नै परे पनि आफूले एउटा हदसम्म मात्रै मापसे गर्ने गरौं तर मादक पदार्थले आफूलाई कहिल्यै पनि सेवन नगरोस् भन्ने तर्फ पनि सचेत रहनसके जीवन, धन त अपराध कर्मबाट जोगिन सकिने हुन्छ ।

मापसे गरी बाबुको हत्या गरेको एउटा सन्दर्भ यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ जस्तो लाग्छ । यो पङ्तिकार २०७६ सालमा जिल्ला प्रहरी कार्यालय झापाको प्रमुख रहेको समयमा बिहान एउटा बृहतको हत्या भएको भनी मातहत कार्यालयबाट प्रतिवेदन भयो । इलाका नाकाबन्दी गरी अनुसन्धान गर्ने क्रममा अघिल्लो दिन बाबुले वृद्ध भत्ता ल्याएका रहेछन् । साँझ बाबु छोरा बसेर मापसे गरेछन् । बाबुले छोरालाई अब पिउने कार्य बन्द गरौं भन्दा छोराले मानेनछ र अझै पिउने कुरा गर्दा बाबुले नमानेपश्चात छोराले छेउमै रहेको दाउराको चिर्पटले हिर्काउँदा बाबुको तत्कालै ज्यान गएको रहेछ । बाबुको दु:खद निधन र छोराको कारागारको बास मापसेले नै गराएकोले यसलाई आफूले प्रयोग गर्ने बानीमा पनि आमुल सुधार गरिनु जरुरी देखिन्छ ।

The principle of jurisprudence is "The ignorance of law is no excuse and everyone must know and follow the law of the land ." जसरी सम्पूर्ण व्यक्तिले कानून जानेकै र पालना गरेकै हुनु पर्दछ भन्ने विधिशास्त्रीय मान्यता छ त्यसरी नै कानूनको पालनाको लागि प्रहरीको परिकल्पना गरिएको हुन्छ ।

नेपाल प्रहरी ऐन, २०१२ ले प्रहरीको गठन गरी जन र धनको सुरक्षा गर्ने जिम्मेवारी प्रदान गरेको परिप्रेक्ष्यमा उक्त कार्यका लागि २४ सै घण्टा प्रहरी परिचालित रहेको छ । तर के अहिलेको अवस्थामा प्रहरीको मनोवल उच्च रहेको छ त ? भन्ने तर्फ हामी नागरिकले मनन गरी तोडफोड तथा आगजनी गरिएका प्रहरी कार्यालयहरू स्वतस्फुर्त तवरले पुन:निर्माण गरिनु र प्रहरीलाई समाजमा पुनर्स्थापित गराएको कार्यले नै प्रमाणित गरिसकेको छ । अत: प्रहरीको भर नागरिकलाई र नागरिकको भर प्रहरीलाई भन्ने उक्तिलाई सार्थक बनाउन समाजबाट गरिएको हर प्रयास स्तुत्य रहेको छ ।

ढुङ्गाको भर माटो र माटोको भर ढुङ्गा भने झैं सभ्य नागरिकबाट अपराध नियन्त्रण र अनुसन्धानमा हरसमभव सहयोग गरिने भएकाले सम्पूर्ण नागरिकलाई बिना बर्दीका प्रहरी भनी बर्दीका प्रहरीद्वारा सम्मान व्यक्त गरिएको पाइन्छ । हालैको विषम अवस्थामा प्रहरीका लुटिएका हतियारहरू फिर्ता ल्याउन, कारागारबाट भागेका आपराधिक व्यक्तिहरूलाई कानूनको दायरामा ल्याउन, प्रहरीका कार्यालयहरू पुन: निर्माण गर्न र समाजमा शान्ति कायम गरिराख्न पनि नागरिकको अहं भूमिका रहन जान्छ । अत: 'सेवा हि परमो धर्म' को मूलमन्त्रलाई आत्मसात गरी सम्पूर्ण नागरिकको प्रयास यसैमा कार्यमा केन्द्रीत हुन सके सुरक्षा र पुन:निर्माण तथा सुरक्षा र प्रशासन सुदृढ हुन जाने अपेक्षा गर्न सकिन्छ ।

*(साभार: अनलाइनखबर)*

# प्रत्यक्ष कार्यकारी प्रणालीमा जान किन सकस ?

✍ सन्तोष घिताल

नेपालको सन्दर्भमा प्रत्यक्ष कार्यकारी प्रणालीको आवश्यकता अहिले अत्यन्तै महत्त्वपूर्ण विषय बनेको छ । नेपालको राजनीतिक इतिहास र वर्तमान परिस्थिति हेर्दा यो प्रणालीको माग केवल नयाँ होइन । एक आवश्यक सुधारको रूपमा उठिरहेको छ । पछिल्ला वर्षहरूमा निरन्तर देखिएको राजनीतिक अस्थिरता, सरकारहरूको छोटो अवधिको कार्यकाल, सत्ता सम्हाल्ने नेतृत्वको अभाव, भ्रष्टाचार र जनअपेक्षामा गहिरो दूरीले गर्दा जनतामा स्थिर, जबाफदेही र प्रभावकारी नेतृत्वको माग बढेको छ । यही पृष्ठभूमिमा प्रत्यक्ष कार्यकारी प्रणालीलाई नेपालमा लागू गर्ने आवाज जोडदार बन्न पुगेको हो ।

संविधान संशोधन र कार्यकारी प्रणालीको विषयमा लामो समयदेखि छलफल चलिरहेको छ । विशेष गरी प्रतिनिधि सभा र कार्यकारी प्रणालीमा सरकारको स्वरूपमा कसरी सुधार गर्न सकिन्छ भन्ने कुरा धेरै महत्त्वपूर्ण बन्दै गएको छ । प्रमुख दलहरू नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका दलहरू प्रत्यक्ष कार्यकारी प्रणालीको पक्षमा छन् । यी दलहरूले आफ्नो शासकीय स्वरूपको एजेन्डा नै बनाएका छन् । जेनजी आन्दोलनको म्यान्डेट पनि यही हो ।

जेनजी आन्दोलनले 'जबाफदेही नेतृत्व' र 'स्थायित्व' को माग गर्दै सशक्त रूपले प्रत्यक्ष कार्यकारीको पक्षमा आवाज उठाएको छ, जुन आन्दोलनले आम युवापुस्ताको अभिव्यक्ति बोकेको छ । तथापि, अहिले पनि प्रत्यक्ष कार्यकारी प्रणालीको विषयमा संविधान र दलहरू बिचमा फरक मतहरू छन् । जसका कारण यस मुद्दामा सहमति कायम गर्न कठिनाइ उत्पन्न भएको देखिन्छ ।

पटक पटक प्रत्यक्ष निर्वाचनको लागि जनस्तरबाट पटक पटक आवाज उठे पनि राजनीतिक दलहरूको त्यसलाई लत्त्याइरहे । तर उनीहरूले सुने पनि नसुने झैं गरिरहे । समस्या प्रणालीमा हैन, प्रत्यक्ष कार्यकारी प्रणालीको वकालत गर्ने राजनीतिक दलहरूमा नै छ । प्रत्यक्ष कार्यकारी प्रणालीको पक्षमा दलहरू साँचो अर्थमा सहमत थिए भने यसको लागि संविधान संशोधनमा एकमत हुनुपर्ने थियो । यो पनि प्रश्न उठ्छ कि कार्यकारी प्रणालीको वकालत गर्ने दलहरू यस विषयमा गम्भीर थिए भने किन संविधान संशोधनको लागि एकमत हुन सकेनन् ? विघटित प्रतिनिधि सभामा पनि प्रत्यक्ष कार्यकारी प्रणाली पक्षधर शक्तिहरू झन्डै दुई तिहाइको संख्यामा थिए । भलै राजनीतिक विचारमा उनीहरू फरक भएपनि प्रत्यक्ष कार्यकारीको एजेन्डामा एकमत थिए । यदि यो एजेन्डामा सहमत हुने दलहरू किन कहिल्यै सामूहिक छलफल गर्न सकेनन् ? यो अवसर ती दलहरूले किन लिन सकेनन् ?

यसको उत्तर नेपालको राजनीतिक वास्तविकतामा छ । दलहरूको प्राथमिकता प्राय: सत्तामा जाने र सरकारको नेतृत्वमा पुग्ने रह्यो । त्यस कारण, कार्यकारी प्रणालीको बहस पनि राजनीतिक स्वार्थमा आधारित छ भन्ने कुरा स्पष्ट हुँदै गएको छ । दलहरूले चुनावी प्रचारको बेला मात्रै यो मुद्दा उठाउने तर कार्यकारी प्रणालीको सुधारका लागि दीर्घकालीन र व्यापक छलफल नगरी आफ्ना आ-आफ्ना एजेन्डामा अडिग छन् । यस विषयमा एउटा साझा सहमति कायम नगरी, केवल दलहरूले आफ्नो पक्षमा मत मागिरहनु भनेको वास्तवमा जनताको चासो र आवश्यकता भन्दा बढी सत्ता प्राप्तिका लागि रणनीति मात्र देखियो ।

सत्ता सञ्चालनको लागि बलियो र प्रभावकारी सरकार आवश्यक छ, तर यसका लागि संविधानको आधारमा एकता र सहमति हुनुपर्ने कुरा महत्त्वपूर्ण छ । संविधान भनेको केवल दलहरूको दस्तावेज मात्र होइन, यो सम्पूर्ण राष्ट्रको साझा सम्झौता स्वरूप हो । कुनै पनि सरकारलाई जनताको भरोसा र समर्थन प्राप्त गर्नका लागि, यसको आधारमा सशक्त र स्पष्ट नीति बनाउनु पर्ने हुन्छ । तर अहिलेको स्थितिमा राजनीतिक दलहरूले केवल चुनावी रणनीतिका रूपमा प्रत्यक्ष कार्यकारी प्रणालीलाई प्रस्तुत गर जस्तो देखिन्छ ।

अब यही फागुन अन्तिम साता निर्वाचनको मिति तोकिएको छ । भलै चुनाव होला या नहोला आगामी राजनीतिक घटनाक्रमले देखाउँछ । तर दलहरू भने अवश्य चुनावी प्रक्रियामा सामेल हुने नै छन् । चुनावमा फेरि जनताको बिचमा मत माग्न जाँदा प्रत्यक्ष कार्यकारीको एजेन्डालाई प्रमुख बनाउने निश्चित प्राय देखिन्छ ।

मानौं प्रत्यक्ष कार्यकारीको एजेन्डालाई लिएर चुनावमा जाँदा कुनै दलले बहुमत प्राप्त गरी सरकार गठन प्रक्रियामा सहज त होला । तर जनताको र भलै पछिल्लो जेनजी आन्दोलनको म्यान्डेट अनुसार संविधान संशोधन भने हुन सक्ने देखिँदैन । किनकि अहिलेको संवैधानिक व्यवस्था र प्रक्रिया अनुसार कुनै पनि दलको स्पष्ट दुई तिहाइ मत आउन सक्ने देखिँदैन । भलै आगामी चुनावबाट संसदमा प्रतिनिधित्व हुने संख्यामा तलमाथि हुन सक्छ । तर संविधान संशोधनका लागि दुई तिहाइ पुऱ्याउन फेरि कार्यकारी प्रणाली पक्षधर दलहरू एक ठाउँमा उभिनु पर्ने अवस्था रहन्छ ।

यदि त्यो अवस्थामा प्रत्यक्ष कार्यकारी प्रणालीको वकालत गर्ने दलहरू एक होलान् त ? प्रश्न उठ्न सक्छ । प्रत्यक्ष कार्यकारीको वकालत गर्ने राजनीतिक शक्तिहरू अहिले दुई ध्रुव्रमा विभाजित छन् । निर्वाचनमा फरक फरक एजेन्डा लिएर गए पनि प्रत्यक्ष निर्वाचनको वकालत गर्ने दलहरू यो मुद्दामा निर्वाचन अघि नै एउटा सहमतिको विन्दुमा पुग्नुपर्ने देखिन्छ । अहिले कम्तीमा यी शक्तिहरूले निर्वाचनमा परिणाम जे आए पनि प्रत्यक्ष कार्यकारीको पक्षमा हामी एक छौं र प्रतिनिधिसभाको पहिलो एजेन्डा नै यो मुद्दामा संविधान संशोधनको प्रतिबद्धता जनाए भने राजनीतिक दलहरू जेनजी आन्दोलन पश्चात् सुको संकेत दिन सक्छन् । फेरि चुनाव खपतका लागि मात्र हो भने फेरि राजनीतिक अस्थिरता अहिलेको भन्दा फरक नबन्ला भन्न सकिन्न । त्यसैले प्रत्यक्ष कार्यकारीको वकालत गर्ने दलहरुलाई यो सच्चिने अवसर पनि हो । यदि यो अवसर चुकाए भने फेरि प्रत्यक्ष कार्यकारीको माग गर्दै अर्को आन्दोलन नहोला भन्न सकिन्न ।

अर्को तर्फ प्रत्यक्ष कार्यकारी प्रणालीतर्फ राजनीतिक दलहरू जान अनिच्छुक हुनुका धेरै कारणहरू छन् । प्रमुख कारण भनेको शक्ति गुम्ने डर नै हो । प्रत्यक्ष प्रणालीमा कार्यकारी प्रमुख जनताबाट सिधै निर्वाचित हुने भएकाले दलका नेताहरूले आफ्नो नियन्त्रण र प्रभाव सीमित हुन सक्ने डर मन पराएको पाइँदैन । यस्तो अवस्थामा पार्टी नेतृत्वले कार्यकारी निकायमाथि आफ्नो प्रभुत्व राख्न सक्दैनन्, जसले उनीहरूलाई असहज बनाउँछ ।

त्यसैगरी, धेरै दलहरूका नेताहरू जनताबिच लोकप्रिय नहुनु अर्को ठूलो बाधा हो । प्रत्यक्ष चुनावमा उम्मेदवारले आम जनताबाट मत प्राप्त गर्नुपर्ने भएकाले पार्टीभित्र मात्र नभई जनता माझ पनि व्यापक लोकप्रियता आवश्यक पर्छ । यदि नेताहरूको जनप्रियता कमजोर छ भने उनीहरूलाई प्रत्यक्ष चुनावमा विजयी हुनु गाह्रो हुन्छ र यसले दलका लागि जोखिम निम्त्याउँछ । यो जोखिम उठाउन दलहरू तयार देखिँदैन ।

सानो दलहरूको अस्तित्वको सङ्कट पनि प्रत्यक्ष प्रणालीलाई नचाहनुको महत्त्वपूर्ण कारण हो । संसदीय प्रणालीमा साना दलहरूले गठबन्धन सरकारमा भाग लिएर आफ्नो प्रभाव कायम राख्न सक्छन्, तर प्रत्यक्ष प्रणालीमा त्यस्तो सम्भावना न्यून हुन्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा कार्यकारी प्रमुख बन्नका लागि स्पष्ट बहुमत चाहिने भएकाले साना दलहरूको अस्तित्व सङ्कटमा पर्छ र उनीहरूले आफ्नो राजनीतिक प्रभाव गुमाउने डर मानेको देखिन्छ ।

प्रत्यक्ष प्रणालीमा कार्यकारी प्रमुख सिधा जनता समक्ष जिम्मेवार हुने भएकाले दलहरूलाई जबाफदेही बन्नुपर्ने दबाब पनि झेल्नुपर्छ । संसदीय प्रणालीमा दलहरू आफ्नो कमजोरी छोप्न सक्ने सम्भावना हुन्छ, तर प्रत्यक्ष कार्यकारी प्रणालीमा आलोचना सिधै व्यक्ति वा दलमाथि केन्द्रित हुन्छ, जसले दलहरूलाई असहज बनाएको छ । यसरी हेर्दा, शक्ति गुम्ने डर, लोकप्रियता नहुनु, साना दलहरूको अस्तित्व सङ्कट, जबाफदेही बन्नुपर्ने दबाब, राजनीतिक अस्थिरताको जोखिम र प्रणाली परिवर्तनको जटिलता जस्ता कारणहरूले गर्दा नेपालका दलहरू प्रत्यक्ष कार्यकारी प्रणाली अपनाउन हिचकिचाइरहेका छन् ।

राजनीतिक प्रणाली आफैमा खराब हुँदैन । खराब हुन्छ त केवल प्रणाली भित्र अभ्यास गर्ने राजनीतिक दल, नेता र उनीहरूको प्रवृत्ति । अहिले राजनीति प्रति जनतामा देखिएको राजनीतिक वितृष्णा यसैको उपज हो । त्यसैले राजनीतिक प्रणाली सुधार गर्ने गर्ने राम्रो अवसर बनेर छ । नेपालमा प्रत्यक्ष कार्यकारी प्रणाली केवल राजनीतिक अवधारणा मात्र होइन, जनताका आकाङ्क्षा, व्यवस्थाको आवश्यकता र समृद्धि तर्फको यात्रा तय गर्नु पनि हो । दीर्घकालीन र सबल नेतृत्व चाहन्छ भने प्रत्यक्ष कार्यकारी प्रणालीको पक्षमा सोचेर यो परिवर्तनलाई व्यवहारमा ल्याउनु आवश्यक छ ।

*(साभार: रातोपाटी)*

# वेस्ट इन्डिजविरुद्ध नेपालको ऐतिहासिक जित



काठमाडौं/नेपालले शनिबार राति सम्पन्न वेस्ट इन्डिजसँगको टी-२०आई शृंखलामा ऐतिहासिक जित निकाल्यो । वेस्ट इन्डिजविरुद्ध १४८ रन डिफेन्ड गर्दै नेपालले १९ रनको जित निकाल्दै आईसीसीको फूल मेम्बर (पूर्ण सदस्य) राष्ट्रविरुद्ध पहिलो जित निकाल्न सफल भयो । नेपालको ऐतिहासिक जितमा सबै खेलाडीहरूले राम्रो प्रदर्शन गरे । विशेषगरी कप्तान रोहित पौडेलको प्रदर्शन शानदार रह्यो । उनी प्लेयर अफ दि म्याच घोषित भए ।

**यसकारण ऐतिहासिक जित**

नेपाली क्रिकेट टोलीले हालसम्म आईसीसीको फूल मेम्बर (पूर्ण सदस्य) अर्थात् टेस्ट, ओडिआई र टी-२०आई सबै मान्यता प्राप्त गरेका टोलीसँग धेरै खेल्ने मौका पाएको छैन । त्यसमाथि पनि द्विपक्षीय शृंखला त यो पहिलो नै हो । नेपालले भारत, अफगानिस्तान, बंगलादेशजस्ता टोलीसँग कुनै मुख्य प्रतियोगिताहरूमा मात्र खेल्ने अवसर पाएको छ । हालसम्म फूल मेम्बरलाई हराउन भने सकेको थिएन ।

हाल फूल मेम्बर भइसकेको अफगानिस्तानलाई नेपालले सन् २०१४ को टी-२० विश्वकपमा हराएको भएपनि त्यसबेला अफगानिस्तान पूर्ण सदस्य राष्ट्र अर्थात् फूल मेम्बर भइसकेको थिएन र एसोसियट नै थियो ।

नेपालले यसअघि पूर्ण सदस्य राष्ट्रसँग आठ टी-२० अन्तर्राष्ट्रिय खेलेको थियो । २०१४ मा अफगानिस्तान र २०१५ मा आयरल्यान्डविरुद्धका खेलहरू भने त्यतिबेला दुवै एसोसिएट राष्ट्र भएकाले गणना गरिएको छैन ।

नेपालले जिम्बाब्वे, बंगलादेश र आयरल्यान्डसँग दुई-दुई पटक खेलेको छ भने भारत र दक्षिण अफ्रिकासँग एक-एक पटक खेलेको छ । यी आठै खेलमा नेपाल पराजित भएको थियो । शनिबार वेस्ट इन्डिजसँगको ऐतिहासिक खेलमा नै नेपालले ऐतिहासिक जित निकाल्न सफल भयो । पछिल्लोपटक सन् २०२४ मा भएको टी-२० विश्वकपमा दक्षिण अफ्रिकाविरुद्धको खेलमा नेपाल केवल १ रनले पराजित हुँदै इतिहास बनाउनबाट चुकेको थियो ।

**यसरी सम्भव भयो जित**

खेलमा नेपालले टस हारेको भएपनि कप्तान रोहित पौडेलले उक्त टस हारे पनि राम्रो भएको उल्लेख गरेका थिए । किनभने उनी टस जितेर ब्याटिङ रोज्न चाहन्थे ।

यसकारण खेलमा अर्ली एडभान्टेज भने नेपालले पाइसकेको थियो । शारजाहमा पछिल्लो समय सबै खेल पहिले ब्याटिङ गर्ने टोलीले जितिरहेका थिए । त्यसकारण राम्रो स्कोर खडा गर्न सके नेपालले कसिलो बलिङमा खेल जित्ने सम्भावना त थियो नै ।

नेपालले ब्याटिङमा सुरुवात राम्रो गर्न नसकेपनि कप्तान रोहित पौडेल र कुशल मल्लले अर्धशतकीय साझेदारी गर्दै इनिङ सम्हालेका थिए । नेपालले २० ओभरमा १४८ रन बनायो । उक्त योगफल मैदानको औसतभन्दा कम भएपनि डिफेन्ड गर्न पुग्दो थियो ।

जवाफी ब्याटिङमा उत्रिएको वेस्ट इन्डिजलाई नेपालले सुरुवातदेखि नै दबाबमा राख्यो । कुशल भुर्तेलले शानदार रनआउट गर्दै पावर हिटिङ ब्याटर काइल मेयर्सलाई पेभेलियनको बाटो देखाए । त्यसपछि पनि नेपालले नियमित अन्तरालमा विकेट लिइराखेको थियो ।

दीपेन्द्रको उत्कृष्ट फिल्डिङमा अर्को एक रनआउट मार्फत किएसी कार्टी आउट भएका थिए भने सन्दीप जोराले पनि बाउन्ड्री नजिकै राम्रो क्याच लिए । यसबाहेक सिङ्गल डबल रोक्न पनि खेलाडीहरूको फिल्डिङ जोशिलो थियो । अनुभवी अलराउण्डर जेसन होल्डर सस्तैमा आउट हुँदा वेस्ट इन्डिज ७६-६ को खराब अवस्थामा पुगिसकेको थियो । त्यसपछि फाबियन एलेन र कप्तान अकिल होसेन मिलेर केही ठुला शटहरू खेलेपछि खेल फेरि रोमाञ्चक अवस्थामा पुगेको थियो ।

अन्तिम २ ओभरमा ३० रन आवश्यक रहँदा करण केसी बलिङमा आए । उनको ओभरमा कप्तान होसेन आउट भएपछि नेपालले खेलमा फेरि मोमेन्टम प्राप्त गऱ्यो । उक्त ओभरमा करणले २ रन मात्र दिए । अन्तिम ओभरमा २८ रन आवश्यक हुँदा बलिङमा दीपेन्द्रसिंह ऐरी आए । तर रन धेरै बाँकी रहेको हुँदा दुई लिगल बलले मात्र पनि नेपालको जित सुनिश्चित भइसक्ने थियो । फाबियन एलेनले २ चौका मात्र प्रहार गरे । नेपाल १९ रनले विजयी भयो ।

**रोहितको कप्तानी प्रदर्शन**

रोहितले नेपालका लागि शनिबार कप्तानी प्रदर्शन गरे । ब्याटिङमा नेपालका लागि सर्वाधिक ३८ रन बनाएका उनले किफायती बलिङ गर्दै १ विकेट पनि लिए । उनले बलरहरूको प्रयोग पनि राम्रो तरिकाले गरेको देखिन्थ्यो । जसको नतिजा वेस्ट इन्डिजका ब्याटरहरू दबाबमा परेको कुराले प्रष्ट देखिन्थ्यो ।

रोहितसँगै कुशल मल्लको ब्याटिङ तथा कुशल भुर्तेलको बलिङ पनि शानदार रह्यो । फिल्डिङ पनि एक-दुई गल्तीबाहेक उत्कृष्ट रह्यो । खेलपछि कुरा गर्दै कप्तान रोहितले ब्याटिङमा राम्रो योगफल बनेको र बलिङ कसिलो गर्न सके खेल जित्न सकिने मनोबल टिममा रहेकाले त्यही योजना अनुसार सफल भएको बताए । उनले सबै नेपाली समर्थकहरूलाई धन्यवाद पनि दिँदै आगामी दिनहरूमा पनि यस्तै समर्थन गरिरहन आग्रह गरे ।

*(स्रोत: अनलाइनखबर)*

# पत्रकार महासंघ मकवानपुर र सहकारी अस्पतालबीच स्वास्थ्य उपचार सम्झौता

साझाकुरा संवाददाता




हेटौंडा, ११ असोज/ नेपाल पत्रकार महासंघ, मकवानपुर शाखा र मकवानपुर सहकारी अस्पतालबीच स्वास्थ्य उपचार सम्झौता गरिएको छ ।

सम्झौता अनुसार महासंघमा आबद्ध सदस्यहरुले अस्पतालबाट नि:शुल्क ओपीडी, शल्यक्रिया र भर्ना भएर गरिने उपचार सेवा पाउने भएका छन् । शनिबार महासंघको हलमा आयोजित कार्यक्रममा महासंघका अध्यक्ष बालकृष्ण अधिकारी र अस्पतालका अध्यक्ष नरोत्तम दाहालले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौतापत्रमा उल्लेख भए अनुसार पत्रकार महासंघका सदस्यहरुले ल्याब परीक्षण, रेडियोलोजी लगायत अन्य परीक्षण पनि नि:शुल्क पाउनेछन् । औषधि खरिदमा भने १० प्रतिशत छुट प्राप्त गर्ने महासंघका सचिव केशव समर्पण सुवेदीले जानकारी दिए ।

उपचार सेवा लिनका लागि महासंघका सदस्यहरुले आफ्नो सदस्यता प्रमाणपत्र अनिवार्य लिएर जानुपर्नेछ । प्रारम्भिक चरणमा यो सम्झौता तीन वर्षका लागि गरिएको छ । सामाजिक उत्तरदायित्व निर्वाह गर्दै सक्रिय पत्रकारहरुको स्वास्थ्य सेवामा पहुँचलाई सहज बनाउने उद्देश्यले सम्झौता गरिएको अस्पताल सञ्चालन समितिका सचिव अर्जुन विडारीले बताए । नेपाल पत्रकार महासघ मकवानपुर शाखामा १ सय १७ सदस्य आवद्ध रहेका छन् ।

स्वास्थ्य उपचार सम्झौतासँगै नेपालीको महान् चाडपर्व अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम गरिएको थियो । पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायतले मन्तव्य राखेको कार्यक्रममा सहकारी अस्पतालका प्रतिनिधिहरु, पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष तथा पत्रकार निकट संगठनका प्रतिनिधि सहित पत्रकारको सहभागिता रहेको थियो ।

# 'जेनजी क्लिनिक' सञ्चालन गरिने

साझाकुरा संवाददाता



हेटौंडा, ११ असोज/ सरकारले जेनजी प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिको उपचारका लागि काठमाडौं र उपत्यकाबाहिर 'जेनजी क्लिनिक' सञ्चालन गर्ने भएको छ ।

प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिको पहिचान एवम् सहज र प्रभावकारी उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत् अस्पताल तोकी क्लिनिक सञ्चालन गर्न लागिएको गृह मन्त्रालयले जनाएको छ । मन्त्रालयले घाइते भएका व्यक्तिलाई तोकिएका अस्पतालमा सहजीकरण गर्न गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सम्पर्क व्यक्ति तोक्नेछ । घाइतेको वर्गीकरण गर्न उपचारमा संलग्न अस्पतालको विषयविज्ञ चिकित्सकको संयोजकत्वमा कार्यदल गठन गरी सम्बन्धित अस्पतालमार्फत् कार्य प्रारम्भ गरिने मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

घाइतेको पहिचान एवम् सहज र प्रभावकारी उपचार व्यवस्थाका लागि यही असोज १२ गतेदेखि गृह मन्त्रालयमा सहायता कक्ष स्थापना गरी घाइतेलाई परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाइएको छ । यस्तै, घाइतेको उपचारमा स्वास्थ्य मन्त्रालयले सहजीकरण गर्ने जनाइएको छ । पुन: जाँच (फलोअप)मा जानुपर्ने घाइतेलाई आवतजावतका लागि स्वास्थ्य मन्त्रालय र सम्बन्धित अस्पतालले एम्बुलेन्स तोक्ने र सोको सम्पर्क नम्बर सार्वजनिक गर्ने तयारी भइरहेको छ ।

त्यसरी तोकिएका एम्बुलेन्स मार्फत् घाइतेले परिचयपत्रका आधारमा नि:शुल्क अस्पतालसम्म आवतजावत गर्न सक्नेछन् । गत भदौ २३ र २४ गते एक हजार आठ सय भन्दा बढी घाइते भएका थिए । घाइतेमध्ये अझै केहीको विभिन्न अस्पतालमा उपचार जारी छ ।

# मिजार समाज मनहरीको प्रथम भेला सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ मकवानपुरको मनहरी गाउँपालिका-९, रजैयास्थित अग्निहोत्र आश्रममा मिजार समाज नेपाल, मनहरी गाउँपालिकाको प्रथम भेला भव्यतापूर्वक सम्पन्न भएको छ ।

भेलाको सभाध्यक्षता मिजार समाज मकवानपुर जिल्ला सचिव वीरबहादुर मिजारले गरेका थिए । कार्यक्रममा जिल्ला वरिष्ठ उपाध्यक्ष सुरेश 'बेरोजगार' मिजार प्रमुखअतिथिका रुपमा उपस्थित थिए । विशेषअतिथिमा जिल्ला महिला उपाध्यक्ष चमेली मिजार, जिल्ला कोषाध्यक्ष संगीता दवाडी (मिजार), जिल्ला सदस्य सीमा मिजार, साथै समाजसेवी एवं पूर्व महिला जनप्रतिनिधि इन्द्रकुमारी मिजार रहेका थिए । कार्यक्रमको सहजीकरण जिल्ला सह-सचिव प्रकाश मिजारले गरेका थिए ।

भेलाले मिजार समाजलाई अझ सशक्त, संगठित र एकताबद्ध बनाउन १३ सदस्यीय कार्यसमिति गठन गरेको छ । नवगठित समितिको अध्यक्षमा संगीता मालबुले (मिजार) लाई चयन गरिएको छ । त्यस्तै, बरिष्ठउपाध्यक्षमा राजु मिजार, महिला उपाध्यक्षमा काली मिजार, सचिवमा अस्मिना मिजार, सह-सचिवमा शान्ता मिजार, कोषाध्यक्षमा राममाया नेपाली (मिजार) चयन भएका छन् । सदस्यहरुमा कृष्णबहादुर बिसुन्के (मिजार), अनु मिजार, कमला मग्राती (मिजार), सोमबहादुर बिसुन्के (मिजार), जुना मिजार, सानू (मनिता) मिजार र मुसे मिजार रहेका छन् ।

भेलामा ७० जना उपस्थित रहेका थिए । सहभागीले मिजार समाजको ऐतिहासिक पृष्ठभूमि, सामाजिक योगदान, हक-अधिकार र भविष्यमा अघि बढ्ने मार्गचित्रबारे आ-आफ्ना धारणा राख्दै समाजलाई संस्थागत ढंगले अगाडि बढाउनु पर्नेमा जोड दिएका थिए । यस भेलालाई मिजार समुदायको पहिचान संरक्षण, सांस्कृतिक परम्परा जगेर्ना, सामाजिक एकता र आगामी पुस्तामा सकारात्मक सन्देश दिने ऐतिहासिक कदमकारुपमा लिइएको छ ।

# दशैंमा पनि व्यस्त नेपाली खेलकुद

काठमाडौं/नेपालीहरुको महान चाड बडादशैंको माहोल चलिरहेको बेला नेपाली खेलकुद भने अन्तर्राष्ट्रिय खेलमा व्यस्त रहेको छ । यतिबेला एक मात्र नभएर चार फरक खेलका नेपाली खेलाडीहरु अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्नका लागि विदेशमा छन् । विशेषगरी अहिले नेपालको क्रिकेट टोली सबैभन्दा व्यस्त छ । एक होइन महिला र पुरुष दुवै राष्ट्रिय क्रिकेट टिम अहिले विदेशमा छ ।

क्रिकेटसहित पौडी खेलाडी, अल्ट्रा ट्रेल रनिङका खेलाडी र मोटर स्पोर्ट्सका खेलाडीहरु अहिले नेपालको झण्डा लिएर विदेशमा आफ्नो उपस्थिति जनाइरहेका छन् । दशैंका बेला रमझम र रमाइलोको बेला भएपनि नेपाली खेलकुदका लागि भने फरक अनुभव हुनेछ । खेलकुदको सिजन पनि दशैंका बेला हुने भएकोले नेपाली खेलाडीहरुले अन्तर्राष्ट्रिय प्रतियोगिता गर्दा दशैं छाडेर देशका लागि मैदानमा उत्रनुपर्ने हुन्छ । खेलाडीहरुको लागि राष्ट्रको झण्डा अंकित जर्सी लगाएर प्रतिस्पर्धा उत्रनु नै दशैंभन्दा ठूलो कुरा हुनेछ । त्यसमा जित हात पार्न सके खेलाडीहरुले नेपाली जनतालाई दशैंमा दिने उपहार जस्तै हुन्छ ।

यस पटक क्रिकेट टोलीका लागि भने संयोग नै बन्यो पुरुष र महिला दुवै टोली अहिले देश बाहिर छन् । उनीहरुका लागि परिवार साथीभाईसँग बसेर रमाइलो गर्ने भन्दा पनि देशका लागि झण्डा बोलेर विपक्षीसँग मैदानमा प्रतिस्पर्धा गर्नु रमाइलो माहोल हुनेछ । नेपाली पुरुष क्रिकेट टोली हाल युएईको शारजाहमा छ । जहाँ नेपालले दुई पटकको टी२० विश्वकप विजेता वेष्ट इन्डिजसँग तीन खेलको ऐतिहासिक टी२० सिरिज खेल्नेछ । नेपाल क्रिकेट संघ (क्यान) कै आयोजनामा हुन लागेको यो सिरिज टीयू मैदान पुनर्निमार्णको अवस्थामा रहेकोले युएईमा हुन लागेको हो । त्यसको पहिलो खेल शनिवार भएको छ । नेपाल र वेष्ट इन्डिजबीच दोस्रो खेल सोमबार र तेस्रो खेल मंगलबार हुनेछ । अर्थात नेपालले दशैंको फुलपाती र अष्टमीको दिन पनि क्रिकेट खेल्नेछ । त्यसपछि करिब एक साताको ब्रेक हुनेछ अनि नेपाली टोली उतैबाट आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोट खेल्न ओमान जानेछ । जहाँ नेपालसहित ९ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् र शीर्ष तीन टोली अर्को वर्ष भारत र श्रीलंकामा हुने टी२० विश्वकपमा छनोट हुनेछ ।

वेष्ट इन्डिज विरुद्धको ऐतिहासिक सिरिज जित्दै टी२० विश्वकप छनोटका लागि तयारी गर्ने र तेस्रो पटक टी२० विश्वकपमा छनोट भएर फर्कने लक्ष्यमा नेपाली टोली छ । यो सिरिज नेपालीहरूलाई खुसी बनाउने अवसर समेत रहेको कप्तान रोहित पौडेलले बताएका छन् । 'हाम्रो लागि ऐतिहासिक अवसर त छ नै, नेपालीहरूलाई कसरी खुसी बनाउन सकिन्छ भन्ने अवसर पनि रहेको छ' उनले भनेका छन् ।

कप्तान रोहितले टी२० विश्वकपमा छनोट भएर नेपाल फर्कने बताएका छन् । 'सबैजना धेरै उत्साहित हुनुहुन्छ, वेस्ट इन्डिजलाई हराउन सक्यौं भने त्यसले एकदम राम्रो छाप छोड्छ विश्व क्रिकेटमा, सिरिज जितेपछि विश्वकपमा पनि छनोट हुनेछौं' रोहितले भने । यस्तै महिला क्रिकेट टोली हाल मलेसियामा छ । नेपाली टोलीका १४ खेलाडी नै अहिले मलेसियान सुपर वुमन्स सिरिजमा विभिन्न ५ फरक टिममा रहेर खेलिरहेका छन् । उक्त सिरिज सकिएपछि नेपाल र मलेसियाको महिला टोलीबीच पाँच खेलको टी२०आई सिरिज हुनेछ ।

नेपाल र मलेसिया बीचको सिरिज असोज १६ देखि २२ गतेसम्म हुनेछ । असोज १६ गते दशैंको मुख्य दिन अर्थात टिकाको दिन हो । यही दिन नेपाली महिला टोली भने नेपालको झण्डा अंकित जर्सी लगाएर मैदान उत्रँदैछ । महिला क्रिकेट टिमकी उपकप्तान पूजा महतोले संचारकर्मीसँगको कुराकानीमा क्रिकेट आफ्नो कर्तव्यका रूपमा रहेकाले चाडपर्वभन्दा पनि खेलहरू महत्वपूर्ण हुने बताएकी थिइन् । उनले चाडपर्वमा सहभागि हुन नपाउनु दु:खद कुरा भएपनि क्रिकेट नै आफूहरुको काम भएकोले खेल महत्वपूर्ण हुने बताइन् ।

यसैगरी नेपालको पौडी टोली यतिबेला ११औं एसियाली एक्वेटिक्स च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न भारतको अहमदावादमा छ । सेप्टेम्बर २८ देखि अक्टोबर ११ तारिखसम्म हुने च्याम्पियनसिपमा नेपालबाट कुल १६ खेलाडीले प्रतिस्पर्धा गर्दैछन् । जसमा ११ पुरुष र ५ महिला खेलाडी छन् । च्याम्पियनसिप दशैंको मध्यतिर सुरु भइ दशैंपछि सम्म सञ्चालन हुँदा नेपाली खेलाडीहरुले भारतमा दशैं मनाउनेछन् ।

यस्तै स्पेनमा भइरहेको तेस्रो वर्ल्ड माउण्नटेन एण्ड ट्रेल रनिङ च्याम्पियनसिपमा नेपालमा चार खेलाडी सहभागी छन् । उनीहरुले दशैंको समयमै प्रतिस्पर्धा गरिरहेका छन् । नेपालबाट सुनमाया बुढा, सुमन कुलङ राई, मन कुमार मगर र साङ्गे शेर्पा चारै खेलाडीले ८२ किमी लङ ट्रेलमा प्रतिस्पर्धा गरिरहेका छन् । उक्त इभेन्ट आजै सञ्चालन भइरहेको छ । यस्तै नेपालको मोटोर स्पोर्ट खेलाडीहरु अहिले एसिया पेसिफिक मोटर स्पोर्ट्स च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न श्रीलंकामा छ । सेप्टेम्बर २६ देखि २८ सम्म हुने च्याम्पियनसिपमा नेपालबाट विभिन्न विधामा ६ खेलाडी सहभागि छन् । आजसम्म प्रारम्भिक चरणको खेल हुनेछ भने सेप्टेम्बर २८ आइतबार अन्तिम चरणका खेलहरु हुनेछ । त्यसपछि उनीहरु नेपाल फर्कनेछन् ।

नेपाली खेलाडीहरुले अटो जिमखाना, क्रस कार, अटोक्रस तथा ई-स्पोर्ट्स विधामा प्रतिस्पर्धा गर्नेछन् । नेपालबाट आशिष भारती, राजकुमार कार्की, बिपास्ना तामाङ, जय प्रताप मास्के, रबिन सुनुवार र रोशन अधिकारीले प्रतिस्पर्धा गर्दै छन् । यसबाहेक अहिले नेपालको भलिबल खेलाडीहरु भने आसन्न अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि प्रशिक्षणमा व्यस्त छन् । नेपालको पुरुष टिम काभा मेन्स भलिबल च्याम्पियन्सिको तयारीमा छ भने यू१९ महिला टिम काभा यू१९ महिला प्रतियोगिताको लागि तयारीमा व्यस्त छ । यसैगरी महिला भलिबल टिमसहित विभिन्न खेलाका खेलाडीहरु अहिले २०औं एसियन गेम्सको लागि मिसन २०२६ मा प्रशिक्षणमा छन् ।

यस्तै फुटबलतर्फ नेपालको सिनियर पुरुष खेलाडीहरु बंगलादेशी प्रिमियर लिग खेल्न बंगलादेशमा छन् । पुरुष टिमका कप्तान किरण चेम्जोङ सहित संयुक्त रुपमा सर्वाधिक गोलकर्ता अन्जन विष्ट अनी अनन्त तामाङ, आयुष घलान, एरिक विष्ट, अभिषेक लिम्बु, योगेश गुरुङ, सनिश श्रेष्ठ बंगलादेशको विभिन्न चार क्लबबाट लिग खेल्दैछन् ।

यसैगरी नेपाली गोलमेसिन महिला राष्ट्रिय टिमकी कप्तान सावित्रा भण्डारी पनि विदेशमा छिन् । उनी न्युजिल्याण्डको क्लब वेलिङटन फोनिक्समा अनुबन्ध भएकी छिन् र यो टोलीले अष्ट्रेलियाको शीर्ष श्रेणीको महिला फुटबल खेल्नेछ । यसैगरी प्रीति राई (जोर्डन) र पुजा राना (भुटान) पनि व्यावसायिक फुटबल विदेशमा छन् ।

नेपाली महिला यू१७ टिम एएफसी यू१७ महिला एसियन कप छनोटको तयारीमा छ । आउने अक्टोबर १३ देखि थाइल्याण्डमा हुने एएफसी यू-१७ महिला एसियन कप छनोटका लागि अहिले नेपाल जुनियर फुटबलरहरु तयारीमा व्यस्त छन् । यू१७ महिला फुटबल टोली पनि घोषणा भइसकेको छ ।

नेपालको सिनियर पुरुष र महिला फुटबल टिमले पनि छिटै अन्तर्राष्ट्रिय खेल खेल्दैछ । एएफसी एसियन कप छनोट अन्तर्गत भियतनाम विरुद्ध अक्टोबरमा हुने दुई खेलका लागि नेपाली पुरुष टोली पनि बन्द प्रशिक्षणमा छ । बंगलादेशमा लिग खेल्न गएका बाहेक खेलाडी प्रशिक्षणमा छन् । एसियन कप छनोटमा नेपालले अक्टोबर ९ र १४ मा भियतनामसँग होम र अवे दुवै म्याच भियतनामकै मैदानमा खेल्नेछ । यसैगरी महिला राष्ट्रिय फुटबल टिमले एक महिनापछि अर्थात अक्टोबर २६ मा भारतसँग सिक्किममा मैत्रीपूर्ण खेल खेल्नैछ । त्यसका लागि अखिल नेपाल फुटबल संघ एन्फाले मुख्य प्रशिक्षकमा नविन न्यौपानेलाई नियुक्त गर्दै कोचिङ स्टाफ समेत चयन गरिसकेको छ । न्यौपानेले प्रशिक्षणका लागि ३३ खेलाडी घोषणा गरिसकेको र प्रशिक्षक दशैं लगत्तै सुरु हुने एन्फाले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*


## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

- चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

*दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !*

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
इन्द्रायणी चौर, मकवानपुर

## व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं।

**जन्म दर्ता किन गर्ने ?**




**राक्सिराङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
चैनपुर, मकवानपुर

# हल्लाबाजहरुलाई देश जिम्मा लगाएर विदेश भाग्दैनौं: अध्यक्ष ओली

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/नेकपा एमालेका अध्यक्ष केपी शर्माओलीले हल्लाबाजहरुलाई देश छोड्न नसकिने धारणा ब्यक्त गरेका छन् ।



शनिवार भक्तपुरस्थित निवासमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष ओलीले सरकारले विभिन्न प्रकारका हल्ला गरिरहेको बताए । पासपोर्ट रोक्ने भन्ने भ्रम फैल्याइएको भन्दै हाहाहुहुको सरकारलाई देश जिम्मा लगाइदिएर विदेश नभाग्ने उनले बताए । देश सबै नेपाली मिलेर बनाउनुपर्ने भन्दै अध्यक्ष ओलीले देशलाई संवैधानिक, लोकतान्त्रिक मूलधारमा ल्याएरै छोड्ने प्रतिवद्धता जनाए । देशलाई फेरि पनि सुशासन, शान्ति सुव्यवस्थामामा ल्याउने उद्घोष उनले गरे । केपी ओलीको नयाँ घर भनेर लोकेट गरेर हमला गर्न जाउँ भन्ने गरिएको भन्दै उनले सरकार सुरक्षा दिनका लागि बसेको हो की होइन ? भन्दै प्रश्न गरे ।

उनले भने, 'म सुनिरहेको छु, अहिले सरकार विभिन्न प्रकारका हल्ला गरिरहेको छ । पासपोर्ट रोक्ने, के ठानेको छ ? यो हाहाहुहुको सरकारलाई देश जिम्मा लगाइदिएर हामी विदेश भाग्छौँ ? के सोच्या छ ? हामीले यो देश बनाउनुपर्नेछ । फेरि पनि हामी यो देशलाई संवैधानिक, लोकतान्त्रिक मूलधारमा ल्याउँछौं । देशलाई फेरि पनि सुशासनमा ल्याउँछौं, शान्ति सुव्यवस्थामा ल्याउँछौं । अहिले तपाईंहरुले हेर्नुभएको होला, सामाजिक सञ्जालमा केपी ओलीको नयाँ घर भनेर लोकेट गरेर यहाँबाट यति मिनेटमा पैदल पुगिन्छ, यति मिनेटमा गाडीमा पुगिन्छ, सबै हमला गर्न जाऔं, घर तोकिएको छ, देखाइएको छ, सरकार के हेरेर बसेको छ ? के गर्दैछ ?'

अध्यक्ष ओलीले सरकार यिनीहरुमाथि मुद्दा चलाउँछु, पासपोर्ट रोक्छु लगायत कुरा गरेर धाक लगाइरहेको बताए । त्यसैगरी अध्यक्ष ओलीले वर्तमान सरकार तोडफोड र आगजनीको माध्यमबाट बनेको आरोप लगाए । जेनजी भनिएको यो सरकार संवैधानिक बाटोबाट, जनताको अभिमतबाट नबनेको उनको भनाई थियो । उनले आफूले देश र जनताको पक्षमा काम गरेको दाबी गर्दै त्यसको विवरण प्रकाशित गरेर देखाउन पनि सरकारलाई चेतावनी दिए । आफूले सुशासनको पक्षमा काम गरेको जिकिर गर्दै अध्यक्ष ओलीले कहीँ भ्रष्टाचार गरेको भए देखाउन पनि सरकारलाई चुनौति दिए ।

उनले भने,'म अहिलेको जेनजी सरकार भनिने यो सरकार जो संवैधानिक बाटोबाट जनताको अभिमतबाट बनेको होइन, यो तोडफोड, आगजनीको माध्यमबाट बनेको हो । यो सरकारलाई म भन्न चाहन्छु-यो सरकारले मैले बोलेको अभिव्यक्तिहरु, मैले गरेका कामहरु प्रकाशन गरेर जनताको बीचमा ल्याओस् । अरुको पनि ल्याओस् । उहाँहरुका पनि ल्याओस् । मैले भनेका सम्पूर्ण कुराहरु यो सरकारले हिम्मतका साथ जनताका बीचमा पुऱ्याओस् । प्रकाशित गरोस कुराहरु । कर्मचारीलाई दिएको निर्देशनहरु रेकर्डट छन् । ती कुराहरु बाहिर ल्याओस ।' अध्यक्ष ओलीले एमालेले सधैँ सरकारको नेतृत्व गर्दा छलछाम र षडयन्त्रका कुनै पनि गतिविधि नगरेको बताए ।

**उच्चसुरक्षासहित एमाले अध्यक्ष ओलीलाई कार्यक्रमस्थलबाट घर पुऱ्याइयो**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई बाक्लो प्रहरी घेरामा राखेर उच्चसुरक्षासहित कार्यक्रमस्थलदेखि घरसम्म लगिएको छ । भक्तपुरको गुण्डुमा शनिबार आयोजित राष्ट्रिय युवा संघको खुल्ला भेटघाट कार्यक्रमबाट उच्चसुरक्षासहित अध्यक्ष ओलीलाई घरसम्म लगिएको हो । सोही कार्यक्रममा बाक्लो रुपमा प्रहरी परिचालन गरिएको थियो । गत भदौ २३ र २४ गते भएको जेनजी युवाको आन्दोलनपछि उनी शनिबार मात्रै सार्वजनिक कार्यक्रममा देखिएका हुन् ।

गत भदौ २४ गते प्रधानमन्त्री पदबाट राजीनामा दिएर सेनाको सुरक्षामा व्यारेकमै बसेका पूर्वप्रम ओली सेनाको व्यारेकबाट केही हप्ता अघि मात्रै निस्केर आफ्नो भक्तपुरमा रहेको घरमा जेनजी युवाले आगजनी गरेका कारण हाल भक्तपुरको गुण्डुमा भाडाको घरमा बस्दै आएका छन् ।

# थाहाको प्रशासकीय अधिकृत प्रधान गए, पौडेल आए



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ मकवानपुरको थाहा नगरका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान सरुवा भएका छन् । निरज पौडेल प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा भई आएका छन् ।

असोज १० गते थाहामा आएका पौडेलको स्वागत र सरुवा भएका प्रधानको विदाई गरिएको छ । प्रधान संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सरुवा भएका हुन् भने पौडेल मालपोत कार्यालय चन्द्रपुर रौतहटबाट सरुवा भई आएका हुन् । थाहा नगरप्रमुख विष्णुबहादुर विष्टको अध्यक्षताम भएको कार्यक्रममा उपप्रमुख भरत गोपाली तथा थाहा-२ का वडाध्यक्ष बमबहादुर सिन्तान, ५ का विष्णुबहादुर गुरुङ र ७ नम्बर वडाध्यक्ष शिवराज थिङ तथा शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सरुवा भएका प्रधानले थाहामा ९ महिनाको अवधिमा आफूले सक्दो सुधारात्मक काम गरेको बताए । उनले आफूले गरेको सेवाअवधिमा नगरप्रमुख, उपप्रमुख तथा जनप्रतिनिधिहरु र कर्मचारीले गरेको सहयोगको प्रशंसा गरे । उनले थाहाको सकारात्मक सिकाइ अन्य कार्यालयमा पनि अबलम्बन गर्ने प्रतिवद्धता व्यक्त गरे । प्रधान २०८१ मंसिर १० गते सरुवा भई आएका थिए । सरुवा भई आएका पौडेलले आफूले केही स्थानीय तहमा काम गरिसकेको बताउँदै थाहामा राम्रो गर्ने बताए ।

थाहा नगरपालिकाको राम्रो पृष्ठभूमि रहेको आफूले थाहा पाएको बताउँदै सुशासन र सेवाप्रवाहलाई प्रभावकारी बनाउन आफू हरतरहले लाग्ने बताए । यसका लागि जनप्रतिनिधि तथा कर्मचारीबाट सहयोग र समन्वयको अपेक्षा गरे । थाहा नगरप्रमुख विष्टले नेपालको कर्मचारी प्रशासन व्यवस्थापन निकै फितलो भएकोले स्थानीय तहहरुमा विकास र सेवाप्रवाह तथा सुशासनमा ठोस काम हुन नसकेको बताए । प्रशासकीय अधिकृतहरु छोटोछोटो समयमा परिवर्तन भइरहनु पालिकाको लागि सकारात्मक मान्न नसकिने विष्टको भनाइ थियो ।

निजामती सेवा ऐन अनुसार पनि कर्मचारीले दुई वर्षसम्म एउटै कार्यालयमा काम गर्न पाउनुपर्ने व्यवस्था भएपनि आफू निर्वाचित भएको साँढे तीन वर्षको अवधिमा ६ वटा अधिकृत परिवर्तन हुनु दुखद् भएको उल्लेख गरे । विष्टले थाहामा कार्यरत हुँदा प्रमुख प्रशासकीय अधिकृत प्रधानले पुऱ्याएको योगदानको प्रशंसा गरे । उनले सरुवा भएर जाने आउने नियमित प्रक्रिया भएको बताउँदै थाहासँगको सम्बन्धलाई कायम राख्ने बताए । सरुवा भएका आएका पौडेल र जान लागेका प्रधानलाई कर्मचारी तथा जनप्रतिनिधिले मायाको चिनो दिएका थिए ।

# जेनजी आन्दोलनका शहीदको सम्झनामा दीपप्रज्वलन



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) मकवानपुर निर्वाचन क्षेत्र नं. १ ले जेनजी आन्दोलनका क्रममा 'जीवन बलिदान' गर्ने युवाको सम्झनामा हेटौंडामा दीपप्रज्वलन तथा श्रद्धाञ्जली कार्यक्रम गरेको छ ।

हेटौंडा-२ स्थित राप्रपा कार्यालयमा शनिबार साँझ सम्पन्न कार्यक्रममा पार्टीका जिल्ला र क्षेत्रीय पदाधिकारी, कार्यकर्ता र स्थानीयवासीको उपस्थिति रहेको थियो । कार्यक्रम राप्रपा मकवानपुर-१ का अध्यक्ष उमेश थापाको सभाध्यक्षतामा सम्पन्न भएको हो । कार्यक्रमका प्रमुखअतिथि पूर्वसांसद दीपकबहादुर सिंहले जेनजी आन्दोलनका युवाको बलिदान व्यर्थ नजाने उल्लेख गर्दै नेपालमा हिन्दुराज्य र राजसंस्था पुन:स्थापनाको पक्षमा पार्टीको प्रतिबद्धता व्यक्त गरे ।

अध्यक्ष थापाले सरकारले सहिदको विषयमा छानबीन नगरे हालको सरकारले पनि राजीनामा दिनुपर्ने माग राख्दै युवाको मुद्दा निरन्तर अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

# प्रहरीलाई ८५ वटा मोटरसाइकल दिने बागमती सरकारको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ बागमती प्रदेश सरकारले जेनजी प्रदर्शनका क्रममा सवारीसाधनमा क्षति पुगेका प्रहरी कार्यालयका लागि मोटरसाइकल उपलब्ध गराउने भएको छ ।




प्रदेश सरकारले करिब ३ करोड रुपैयाँ मूल्य पर्ने ८५ वटा मोटरसाइकल दिने निर्णय गरेको आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले जानकारी दिए । जेनजी प्रदर्शनको क्रममा प्रदेशभित्रका प्रहरी कार्यालयको सवारीसाधनमा क्षति पुगेको छ । 'चाडपर्वको समयमा सुरक्षा चुनौतीको संवेदनशीलतालाई ध्यानमा राखेर मोटरसाइकल उपलब्ध गराउने निर्णय गरेका हौं' मन्त्री तामाङले भने । सवारी अभावमा सुरक्षामा चुनौती सिर्जना भएको सन्दर्भमा मन्त्रिपरिषद्बाटै आवश्यक निर्णय गरिएको उनको भनाइ छ ।

सरकारले बागमती प्रदेशका इलाका प्रहरी कार्यालयहरुका लागि ३० वटा, उपत्यका प्रहरीको लागि ३० वटा र उपत्यका ट्राफिक प्रहरीको लागि २५ वटा गरी ८५ वटा २ पांग्रे सवारीसाधन दिने निर्णय गरेको हो । आर्थिक मामिला मन्त्रालयले शुक्रबार मोटरसाइकल खरिदका लागि सहमति दिइसकेको छ । प्रदेशको सवारीसाधन खरिद मापदण्डलाई टेकेर मोटरसाइकल उपलब्ध गराउन लागिएको मन्त्री तामाङले बताए ।

मापदण्डअनुसार अधिकत्तम १६० सीसीको ३ लाख ५० हजार रुपैयाँसम्मको मोटरसाइकल खरिद गर्न सकिने व्यवस्था छ । प्रदेश सरकारले यी सवारी साधन तत्कालै सम्बन्धित इकाइमा पठाइने र विशेष गरी दसैं, तिहारलगायतका चाडपर्वमा सुरक्षा व्यवस्थामा खटाइने जनाएको छ ।

# मनहरीको बसन्तपुर गुम्बामा ञ्युङ्ने मौनव्रत हुने

साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ पश्चिम मकवानपुरको मनहरी-५, बसन्तपुरमा तीनदिन निराहार ञ्युङ्ने मौनव्रत हुने भएको छ । ञ्युङ्ने मौनव्रत टासी छ्योईलिङ गुम्बामा असोज १३ गतेदेखि तीनदिन महाकरुणीमय आर्य अवलोकितेश्वर (चेनरेसी) को ञ्युङ्ने मौनव्रत सुरु हुने भएको हो ।



दशैंका बेलामा शक्तिपीठ र देवदेवीको नाममा लाखौं निर्दोष पशुपंक्षीको बली चढाइने भएकोले मुक्तिका लागि कामना गर्दै सबै प्राणीप्रति करुणा र बोधिचित्तको भावना जागृत गराउने उद्देश्यले मौनव्रत आयोजना गरिएको गुम्बा व्यवस्थापन समितिका अध्यक्ष राजाराम स्याङ्तानले बताए ।

नेपाल अहिंसावादी बौद्धधर्म चक्रसंघको गुरु लोपेन ङवाङदोर्जे लामाको आतिथ्यतामा हुने व्रत असोज १३ देखि १६ गतेसम्म सन्चालन हुनेछ ।

असोज १३ गते फूलपातीको दिन लामा गुरु, आनीज्योमो, मणिपा र उपासक उपासिकाहरु जम्मा, १४ गते बिहान शिलग्रहण (सोक्ज्योङ) गरिनेछ भने असोज १५ गते नवमीको दिन मौनव्रत (कुक्पा) बसिनेछ । अन्तिम दिन असोज १६ गते दशमीको बिहान ६ बजे व्रत विसर्जन गरिनेछ । त्यसपश्चात प्रवचन, पूजापाठ गरी समापन हुने समितिको अध्यक्ष स्याङ्तानले जानकारी दिए ।

# इन्द्रसरोवरका लाभग्राहीलाई सामाजिक सुरक्षाभत्ता बैंकमार्फत



साझाकुरा संवाददाता

हेटौंडा, ११ असोज/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खातामा नै पठाएको छ ।

गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाले असोज ९ गते जारी गरेको सूचनामा सबै वडाका लाभग्राहीको रकम इलेक्ट्रोनिक फण्ड ट्रान्सफर प्रणाली मार्फत् ग्लोबल आईएमई बैंकमा जम्मा भइसकेको जनाएको हो ।

गाउँपालिकाले समय अभावका कारण दशैंपश्चात भुक्तानी शिविर सञ्चालन गर्ने भएपनि अति आवश्यक पर्ने लाभग्राहीले भने असोज १० गतेदेखि चेक र नागरिकता साथमा लिएर नजिकको ग्लोबल आईएमई बैंक शाखाबाट भत्ता बुझ्न सक्ने जनाएको छ ।

नयाँ लाभग्राहीका लागि गाउँपालिकाले खाता खोली रकम जम्मा गरिसकेको भएपनि बैंक खाता सक्रिय गर्नुपर्ने हुँदा, नागरिकताको प्रतिलिपि, जन्मदर्ता (बालबालिकाको हकमा), सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र नम्बर, दुईप्रति पासपोर्ट साइजको फोटो, अपांगता परिचयपत्र (अपांगता भएका व्यक्तिका लागि) लगायत कागजात लिएर बैंकमा उपस्थित हुन आग्रह गरिएको छ । अतिअशक्त जेष्ठ नागरिक, दलित बालबालिका तथा 'क' वर्गको अपांगता भएका लाभग्राहीको हकमा संरक्षकको सिफारिस, नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो आवश्यक पर्ने सूचनामा उल्लेख छ ।

व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं ।

जन्म दर्ता किन गर्ने ?




कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना